बान्नीगढी जयगढ गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं. २०७८/०७९

च.नं.

## नमुना बाख्रा खोर ब्यवस्थापनका लागी प्रस्ताव पेश गर्ने सम्वन्धि सुचना !

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०७८/ १०/०९ गते**

उपरोक्त सम्बन्धमा यस बान्नीगढी जयगढ गाउँपालिकाको गाउँपालिका अध्यक्ष यूवा स्वरोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७८/०७९ को स्विकृत कार्यक्रम अनुसार अनुदानमा नमुना बाख्रा खोर ब्यवस्थापन (निर्माण) कार्यक्रम सन्चालन गर्नुपर्ने भएको हुदाँ यस गाउँपालिकामा दर्ता भएका बाख्रा फार्महरुले सुचना प्रकाशित भएको मिति ले १५ दिन भित्र तोकिएको ढाँचामा परीयोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु संलग्न राखी आवेदन पेश गर्नको लागी सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**कार्यक्रम विवरण :**

| क्र. सं. | कार्यक्रमको नाम | संख्या | बजेट रु. | आवेदकको योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १. | नमुना बाख्रा खोर ब्यवस्थापन अनुदान | ३ (तीन) जना | ६००,०००।० ( छ लाख ) | १. फार्ममा कम्तिमा २५ वटा बाख्रा पालन गरीरहेको हुनुपर्ने ।<br>२. आबेदकको उमेर १६ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्ने । | |

**संलग्न हुन पर्ने कागजातहरु:**

१. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र । साथै बिगत आ.ब.हरु मा यस गाउँपालिका बाट वा अन्य कुनै सरकारी/गैर सरकारी निकायबाट अनुदान प्राप्त गरीसकेका फार्महरु छनौट प्रकृयामा समाबेस गरीने छैन ।

३. फार्म दर्ता तथा नबिकरणको प्रतिलिपी ।

४. स्थायी लेखा नं.(PAN) दर्ता, कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।

५. कार्यक्रम सञ्चालनमा लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।

६. कार्यक्रम सन्चालन गरीने जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी ।

७. लिजमा लिएको जग्गाको हकमा कम्तिमा पनि १० बर्षको करारनामा वा सम्झौता पत्र ।

८. तोकिएको ढाँचामा निबेदन,प्राबिधिक एवं आर्थिक प्रस्तावना सहित छनौट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता पत्र ।

९. आबेदन पेश गर्ने अन्तिम मिति :- २०७८/१०/२३ गते । सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र पेश गर्न सकिनेछ ।

१०. विस्तृत जानकारीको लागि पशु सेवा शाखा प्रमुख श्री हर्क बहादुर शाही मो.नं. ९८६३३०५२२८ मा सम्पर्क गर्न सकिनेछ ।

*(पुनश्चः आबेदक बान्निगढी जयगढ गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्ने छ । म्याद नाघी /रीत नपुगी प्राप्त भएका आबेदनहरु दर्ता प्रकृयामा समाबेश गरीने छैन ।)*